लेखापरीक्षण प्रतिवेदन

राप्तीसोनारी गाउँपालिका, बाँके

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

राप्तीसोनारी गाउँपालिका, बाँके

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/448

विषय : लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

राप्ती सोनारी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, अगैया, बाँके।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण(म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२१ करोड ३१ लाख ९४ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.४ करोड ५७ लाख ६३ हजार तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५८ लाख ५६ हजार समेत गरी रु.२६ करोड ४८ लाख १३ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब ९१ करोड ८ लाख ७८ हजारको लेखापरीक्षण गरिएकोमा रू.४ करोड ८५ लाख ८१ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.९८ लाख ३४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई प्रतिक्रियाबाट थप बेरुजु रु.४ लाख ५ हजार समेत गरी बाँकी रु.३ करोड ९१ लाख ५२ हजार बेरुजु मध्ये असुल गर्नुपर्ने रु.२५ लाख ३७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.२५ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ३४ लाख ६९ हजार र पेस्की बाँकी रु.५ लाख ६० हजार रहेको छ। गत वर्षसम्मको बाँकी बेरुजु रु.३२ करोड

६२ लाख ३ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३६ करोड ५३ लाख ५५ हजार रहेको छ। बेरुजु बर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसै साथ संलग्न छ।

३. पालिकाको आ.व. ०८०/८१ मा वित्तीय विवरणमा समावेश हुनु पर्नेमा अन्तर सरकारी हस्तान्तरण तर्फको निकासा खर्च समावेश नगरेको, वित्तीय विवरणमा हिसाब फरक परेको, लेखानीति तथा टिप्पणीमा खुलासा गर्नुपर्नेमा सम्पत्ति तर्फको खुलासा नगरेको अवस्था रहेको छ। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौ।

अन्य बेहोरा

रापिसोनारी गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी रापिसोनारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। रापिसोनारी गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु बर्गीकरण

चालु वर्षको बेरुजु (रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४८	४६	४८५८१	०	५	९८३४	४०५	४८	४१	३९१५२	२५३७	३३४६९	२५८६	०	०	३६०५५	५६०

अद्यावधिक बेरुजू स्थिति (रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बाँके	३४८२६८	०	२२०६५	३२६२०३	०	३९१५२	३६५३५५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	१०९	गै स स बाट कार्य	२१,३२,७५४
२	२०७९/८०	९०	खेलकुद प्रशिक्षक	३,५५,९३०
३	२०७९/८०	९६	कुर्सि खरिद	३,००,०००
४	२०७९/८०	२०	करार सेवा	६१,४०,७२०
५	२०७९/८०	६५	शिक्षक अनुदान	९५,३१,५१५
६	२०७९/८०	५९	स्यानिटरी प्याड खरिद	८,९६,७८६
७	२०७९/८०	५२	शैक्षिक गुणस्तर सुदृढीकरण एंव कार्य सम्पादन	६,५०,०००
८	२०७९/८०	७५	अन्य निकायको निर्माण कार्य	८,१३,६७२
९	२०७९/८०	१४	पेश्की बाँकी	१,७०,०००
१०	२०७९/८०	७७	निजी सवारी मर्मत	१,०३,५९०
११	२०७९/८०	११३	नाफामुलक सहकारीकव भवन निर्माण	९,७०,०००
१२	२०८०/८१	६३	वर्षान्तको पेश्कीः	२,००,०००
१३	२०८०/८१	६४	पेश्कीः	१,६०,०००
१४	२०८०/८१	५६	धरौटीः	७०,९०,०४८
१५	२०८०/८१	४३	कम राजस्व दाखिला:	९३,४३०
१६	२०८०/८१	६५.२, ६५.४	आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु	२२,९१,०६३
जम्मा				३,१८,९९,५०८

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय बकयौता	कार्यालयको नाम
आ व २०८०।८१ सम्म बक्यौता नरहेको।	राप्ती सोनारी गाउँपालिका बाँके

(८०५५७५०६३०० - राप्ती सोनारी गाउँपालिका, बाँके)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस राप्ती सोनारी गाउँपालिका अन्तर्गत ९ वटा वडा १०४१.७३ वर्ग किलोमिटर क्षेत्रफल तथाजनगणना २०७८ का अनुसार ६६ हजार ४४५ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता(Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।०४ देखि २०८१ ।१०।०७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका

लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको रु. १ अर्व ९१ करोड ८ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ :

क.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोब	
		नगद	जम्मा	नगद	
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	२२,४१,२६,३०३.२१	२२,४१,२६,३०३.२१	८,९२,५२,५३७.१९	८,९२,५
१३०००	अनुदान	४९,००,८९,४६१.००	४९,००,८९,४६१.००	५५,६१,८२,०४७.३९	५५,६१
१४०००	अन्यराजस्व	४,११,०१,९४९.८७	४,११,०१,९४९.८७	(१,६८,१३,३१४.९१)	(१,६८,
१५०००	विविधप्राप्ति	२३२.	२३२.	०	०
क	**कुल जम्मा प्राप्ति**	७५,५३,१७,९४६.०८	७५,५३,१७,९४६.०८	६२,८६,२१,२६९.६७	६२,८६
३	चालु	५२,८६,८०,०६८.२१	५२,८६,८०,०६८.२१	५९,८६,१३,६६९.३७	५९,८६
२१०००	पारिश्रमिक / सुविधा	७,५८,३५,१५१.८२	७,५८,३५,१५१.८२	६,०९,८७,६०२.४४	६,०९,८
२२०००	मालसामानतथा सेवाको उपयोग	१७,१४,८२,८७३.३९	१७,१४,८२,८७३.३९	२१,४२,८७,४३४.९३	२१,४२
२५०००	सहायता (Subsidy)	२७,७९,३१,८४१.००	२७,७९,३१,८४१.००	३१,५९,०५,६४४.००	३१,५९
२६०००	अनुदान	०	०	२५,२०,०००.००	२५,२०
२७०००	सामाजिकसुरक्षा	३२,५०,७४७.००	३२,५०,७४७.००	४५,०९,०८८.००	४५,०९
२८०००	अन्यखर्च	१,७९,४५५.००	१,७९,४५५.००	४,०३,९००.००	४,०३,९
४	पूंजीगत	१३,८५,५५,०६९.००	१३,८५,५५,०६९.००	२१,०६,४७,३०९.००	२१,०६
३१११०	भवनतथा संरचना	२,७३,१९,६३३.००	२,७३,१९,६३३.००	२,९४,७४,९५२.००	२,९४,७
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	७६,७४,८२५.००	७६,७४,८२५.००	७५,५०,२८८.००	७५,५०
३११३०	अन्यपूँजीगत खर्च	१८,५८,०००.००	१८,५८,०००.००	७,५२,३६५.००	७,५२,३
३११५०	सार्वजनिकनिर्माण	१०,११,९४,४६१.००	१०,११,९४,४६१.००	१७,१३,८८,५४६.००	१७,१३
३११६०	निर्मितसरचनाकोसुधार खर्च	५,०८,१५०.००	५,०८,१५०.००	१३,३१,१५८.००	१३,३१
३११७०	पूँजीगतसुधार खर्च	०	०	१,५०,०००.००	१,५०,०
ख)	**कुल जम्मा भुक्तानी**	६६,७२,३५,१३७.२१	६६,७२,३५,१३७.२१	८०,९२,६०,९७८.३७	८०,९२
ग)	**बचत/कमी (ग = क-ख)**	८,८०,८२,८०८.८७	८,८०,८२,८०८.८७	(१८,०६,३९,७०८.७०)	(१८,०६
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**	४३,४३,३८५.१४	४३,४३,३८५.१४	१,५१,६४,०९३.८७	१,५१,६

घ.१)	**कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी**	-१,४४३.००	-१,४४३.००	(२,४१,२६६.००)	(२,४१,
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	९,२४,२६,१९४.०१	९,२४,२६,१९४.०१	(१६,५४,७५,६१४.८३)	(१६,५
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	५,५५,१९,४४९.७९	५,५५,१९,४४९.७९	२२,०९,९५,०६४.६२	२२,०९
छ)	**विनिमयनाफा/ घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	१४,७९,४५,६४३.८०	१४,७९,४५,६४३.८०	५,५५,१९,४४९.७९	५,५५,१

संघीय सरकार र प्रदेश सरकार तर्फको C-GAS मार्फत आम्दानी र खर्चको आय-व्यय विवरण निम्नानुसार रहेको छ।

कार्यक्रम	**बजेट रु.**	**खर्च रु.**
सामाजिक सुरक्षा तथा संरक्षण	२१८८९६००	२१३१९४११६
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८९७९०००	५८५६४५७.७
एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	४६१९४००	४५७६३०७३
जम्मा	**२७४०६९०००**	**२६४८१३६४६.७**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहले तयार पारेको वित्तीय विवरणले स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत रुपामा यथार्थ विवरण दर्शाउनु पर्दछ। तर, पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२१३१९४११६, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४५७६३०७३ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम को रु. ५८५६४५७.७ समेत गरी रु. २६४८१३६४६.७ को कारोबार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ, पालिकामा हुने सबै आर्थिक कारोबार समेटिने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने/गराउने व्यवस्था मिलाउनु पर्दछ।

४ **बैङ्क हिसाव विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको बर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाब

विवरण भिडान गरेको देखिएन। निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ।

खाता	**स्रेस्ता अनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	११०७२४५५२.७९	११०५६१२३५.७९	१६३३१७(चेकसाट्न बाँकी)
चालु खर्च खाता	०	०	
पुँजीगत खर्च खाता०	०	०	
विविध खर्च खाता	१६७५९०९६.२७	१६७५९०९६.२७	
स्थानीय विभाज्य कोष	७४१३१२८	७४१३१२८	
धरौटी मौज्दात	१९०९२११४	१९०९२११४	
ग१.१, आन्तरिक राजस्व खाता	०	०	
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	
बैङ्क मौज्दात			
जम्मा	**१५३९८८८९१.०६**	**१५३८२५५७४.०६**	**१६३३१७**

आर्थिक वर्षको अन्त्यमा श्रेष्ता भन्दा बैंकमा रु.१६३३१७ कम देखिएकोले पालिकाले उक्त रकमको एकिन गरी बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,६३,३१७

५ **आन्तरिक नियन्त्रणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन:

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

· आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

· भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/ अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु ३१,८५,९३६ खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन।

· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, बर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

· संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ।

६ **योजना तथा वजेट कार्यान्वयनः**

यस वर्ष पालिकाको योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन :

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालिन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरेको छैन।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१३ करोड ८५ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

७ **योजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास आदि प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा १२१ वडाको लागि वडागत र पालिकास्तरका पूँजीगत तर्फ १०४ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१०४	२०	४२	४२
२.	वडा स्तरीय	१२१	३	२२	९६
	जम्मा	**२२५**	**२३**	**६४**	**१३८**

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २०० योजनामात्र कार्यान्वयन भई बजेट अभाव, वर्षायाम निर्माण, व्यवसायीको ढिलाई लगायतका कारण २५ योजना कार्यान्वयन हुन सकेको देखिएन।तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

८ **प्रगतीः**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ :

कार्यक्रम /योजना सङ्ख्या	यो वर्ष खर्च (हजार)	वार्षिक प्रगती				
		शून्य प्रगती	२५ प्रतिशत सम्म	५० प्रतिशत सम्म	७५ प्रतिशत सम्म	७५ प्रतिशत भन्दा माथी
२२५	१३८५५६	२५	१०	७	५	१७८

पालिकाले योजना तथा कार्यक्रम तर्जुमा तथा छनौट गर्दा कार्यान्वयन योग्य योजना छनौट गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार २५ योजनाको प्रगती शुन्य रहेको छ भने १० योजनाको प्रगती २५ प्रतिशत भन्दा कम रहेको छ। श्रोत अभाव, वर्षा, जग्गा विवाद लगायतका कारणले आयोजनाहरु कार्यान्वयन हुन नसकेको पालिकाले जनाएको छ। तसर्थ कार्यान्वयन योग्य योजनाहरु छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको दिगो, सन्तुलित एवं समाबेशी विकासका क्षेत्रगत रुपमा सन्तुलित रुपमा बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व.०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.सं	क्षेत्र	विनियोजन	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	५,६७,५९,८००	३,२४,८१,१२०	५७.२३
२	सामाजिक विकास	४९,९९,०८,७००	४१,६४,७६,९०६	८३.३१
३	पूर्वाधार विकास	११,१७,२०,२००	८,०९,७०,०६५	७२.४८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५,०५,३७,४००	२,८१,५८,६३९	५५.७२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२,७६,१९,०००	१०,९१,४८,४०५	८५.५३
जम्मा		**८४६५४५१००**	**६६७२३५११३७.२१**	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक मा सबैभन्दा बढी ८५.५३ प्रतिशत र सुशासन तथअन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा ५५.७२ प्रतिशत रहेको छ।

१० **चौमासिक पुजीगत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले तोकिए बमोजिमको प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ :

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम	दोस्रो	तेश्रो	आषाढ महिनाको खर्च
पुँजीगत खर्चतर्फ	१३८५५५	६३७६	१६९७५	११५२०३	६६७७३
प्रतिशत	७८.८१	४.६०	१२.२५	८३.१५	४८.१९

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१३ करोड ८५ लाख ५५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.६३ लाख ७६ हजार(४.६ प्रतिशत), दोस्रो चौमासिकमा रु.१ करोड ६९ लाख ७५ हजार(१२.२५ प्रतिशत) र तेस्रो चौमासिकमा रु.११ करोड ५२ लाख ३ हजार (८३.१५ प्रतिशत) खर्च गरेको देखिन्छ। यसै गरी असार महिनामा मात्र रु.६ करोड ६७ लाख ७३ हजार(४८.१९ प्रतिशत) खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको एवं खर्च व्यवस्थापन सन्तलित भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने हुँदा कानूनी व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११ **कार्यान्वयन नभएका नीति तथा कार्यक्रमहरु :**

पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको उद्देश्य, रणनिति तथा कार्यनिति, उक्त कार्यक्रमको औचित्य, प्रभाव र कार्यान्वयन गर्न सक्ने क्षमताको आधारमा गर्नुपर्दछ। पालिकाले स्वीकृत वार्षिक कार्यक्रमहरू तोकिएको समयमा

कार्यान्वयन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण बमोजिम देहायका कार्यक्रमहरु कार्यान्वयन भएको पाइएन। स्वीकृत कार्यक्रम भित्र स्वीकृत बजेटको परिधि भित्र रही समयमानै कार्य सम्पन्न गर्नुपर्दछ।

- कृषि क्षेत्रमा वृहत लगानी गर्न नीजि क्षेत्रमैत्री नीति निमार्ण गर्ने।
- कृषि बिमालाई प्रभावकारी बनाउन बीमा कम्पनि र कृषकसँग समन्वयात्मक सञ्जाल कार्यक्रम सञ्चालन गर्ने ।
- बाख्रा पालन पकेट क्षेत्रको विस्तार र प्रोत्साहन उन्मुख कार्यक्रम सञ्चालन गर्ने।
- वडा नं १ लाई तरकारी उत्पादन पकेट क्षेत्रका रुपमा विकास गर्ने।
- वनपैदावार तथा नदिजन्य पद्वार्थको वार्षिक तथ्याङ्क संकलन गर्ने।
- एक वडा एक हाट बजार पूर्वाधार निर्माण तथा सञ्चालन कार्यक्रमलाई अघाडी बढाउने।

१२ **कार्यक्रम संशोधन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था छ। कार्यपालिकाले गाउँसभाबाट स्वीकृत भएको बजेट तथा कार्यक्रम संशोधन गर्दा वा रकमान्तर गर्दा कानून बमोजिम साविकको कार्यक्रम गर्न नसक्नुको कारण र नयाँ कार्यक्रम गर्नुपर्ने कारण सहित संशोधन कार्यक्रम प्रस्ताव तयार पार्नुपर्नेमा तयार गरेको छैन। नयाँ योजना कार्यान्वयन गर्दा समेत नयाँ योजना सञ्चालन गर्नुपर्ने कारण समेत उल्लेख गरेको छैन। कानूनमा भएको व्यवस्था बमोजिम कार्यक्रम संशोधन गर्दा वा नयाँ योजना सञ्चालन गर्दा सो गर्नुपर्नाको कारण उल्लेख गरी कार्यान्वयन गर्नुपर्दछ।

१३ **खर्च बिश्लेषणः**

पालिकाले यस वर्ष चालु तर्फ रु.५२,८६,८०,०६८.२१ र पूँजीगत तर्फ रु.१३,८५,५५,०६९ गरी कुल रु. ६६,७२,३५,१३७.२१ खर्च गरेको छ। कुल खर्चमा आन्तरिक आयको हिस्सा ७.४९ प्रतिशत मात्रै रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७९.२३ प्रतिशत चालु र २०.७७ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्र भित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१५ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ३९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट सबै सहकारीको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१६ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म ४ वटा ऐन, ४ वटा नियमावली, १२ कार्यविधि लगायत २७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। कानुनको कार्यान्वियनको अवस्था अनुगमन गरी निर्मित कानूनको प्रभावकारी कार्यान्वियन गरिनुपर्दछ।

१७ **संचालन नभएका कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति विवरण तयार गरी कार्यक्रम गर्नुपर्ने उल्लेख छ। साथै, अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ। पालिकालाई यस बर्ष प्राप्त सशर्त बजेट मध्ये देहायका कार्यक्रमहरु नगरी बजेट रकम फ्रिज गरेको छ। विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलव्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सि.नं	कार्यक्रम	रकम रु.
१	National L F elimination program	१२,२५,०००
२	हरियो घास विस्तार कार्यक्रम	८३८०००
३	मकै वालि पकेट विकास कार्यक्रमको निरन्तरता	५०२०००
४	वैकल्पिक शिक्षा कार्यक्रम	५६९०००
५	शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण	३३२०००
६	शैक्षिक पहुच सुनिश्चितता अनौपचारी तथा वैकल्पिक शिक्षा कार्यक्रम	३३१०००
७	अति गरिव परिवारको लागी साझा सुविधा केन्द्रको स्थापना	५०००००

पालिकाले उल्लेखित कार्यक्रमहरु कार्यान्वयन नहुनुमा समयमा बजेट प्राप्त नहुनु, प्रकृयागत ढिलाई, जनशक्तिको अभाव जस्ता कारणहरु उल्लेख गरेको छ। तसर्थ पालिकाले समयमा श्रोतको व्यवस्था गरी निर्धारित लक्ष्य बमोजिमका कार्यकमहरु सञ्चालन गर्नु पर्दछ।

१८ **सेवाप्रवाहको स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ। यस पालिकाबाट वितरण भएका सेवा निम्न बमोजिम रहेका छन् :

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	२६
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१८१२
मृत्युदर्ता	४६१
बसाईसराई दर्ता	२१४
विवाह दर्ता	६७२
सम्बन्धविच्छेद दर्ता	५९

१९ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस आर्थिक वर्षमा निम्न अनुसार रु.६८,७७,८३८ खर्च भएको छ। जुन आन्तरिक आयको तुलनामा विविध खर्च मात्र १२.४३ प्रतिशत खर्च भएको छ। यस्तो खर्च नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

क्र. स	विवरण	रकम रु.
१	विविध खर्च पालिका तर्फ	३९,५०,९३७
२	विविध खर्च वडा कार्यालय तर्फ (९ वडा)	१८,९३,६२७
३	अतिथी सत्कार खर्च	१०,३३,२७४
	जम्मा	**६८,७७,८३८**

२० **खर्च वृद्धिः**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शीर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ। कार्यालयले कार्यक्रममा वृद्धि, बजार मूल्यमा वृद्धि तथा पुरानो गाडी संचालनका कारणले खर्चमा वृद्धि भएको जानकारी दिएको छ। यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ।

क्र.सं	खर्च शिर्षक	२०७९।८० को खर्च	२०८०।८१ को खर्च
१	करारका कर्मचारीको खर्च	२८९१६०००	३०५४६०००
२	पदाधिकारी सेवा सुविधा	८८०००००	९२४२५००
३	पदाधिकारी बैठक भत्ता	६,४९,०००	८,००,०००
७	मसलन्द तथा कार्यालय सामाग्री	३२,३०,०००	६०,६३,०००

२१ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तथा कार्यापालिकाको निर्णय बमोजिम विभिन्न संघसंस्था र व्यक्तिहरुलाई विपद् व्यवस्थापनको लागि रु. १५,७०,००० आर्थिक सहायता वितरण गरेको छ। सहायता वितरण गर्ने कार्य अन्य तहका सरकारसँग समेतको समन्वयमा दोहोरो नपर्ने गरी व्यवस्थित बनाउनुपर्दछ।

२२ **सूचना प्रकाशन तथा छपाई :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाख भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यस वर्ष सूचना प्रकाशन, प्रत्रपत्रिका तर्फ एउटै तथा विभिन्न फर्मसंग विभिन्न मिति र भौचरबाट देहायका शीर्षकमा रु.५०,७५,३९९ सोझै खरिद गरी भुक्तानी दिएको छ। पालिकाको सार्वजनिक खरिद कार्यलाई कानून बमोजिम खुला, प्रतिस्पर्धी, मितव्ययी एवं विवेकपूर्ण बनाउन प्रचलित खरिद कानूनको व्यवस्थाहरु पालना नगर्ने सम्बन्धीत कर्मचारीहरुलाई जिम्मेवार बनाउने तर्फ ध्यान दिनुपर्छ।

क्र.स	खर्च शीर्षक	रकम रु.
१	सुचना प्रकाशन खर्च	१९,९७,८३०
२	पत्रपत्रिका खर्च	१९,९९,५६९
३	स्थानिय संञ्चार माध्यम प्रवर्द्धन (सुचना प्रकाशन)	१०,७८,०००
	जम्मा	**५०,७५,३९९**

२३ **ईन्धन खर्चः**

सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरवन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। राप्ति सोनारी गाँउपालिकाको कार्य संचालन निर्देशिका, २०७९ (संसोधन २०८०) को बुँदा ९ मा कार्यालयमा नियमित आउने जाने कर्मचारीलाई अनुसूची १ बमोजिमको इन्धन सुविधा उपलब्ध गराउने व्यवस्था रहेको छ। अनुसूची १ बमोजिम गाँउपालिका अध्यक्ष/उपाध्यक्षलाई १२० लिटर, प्रमुख प्रशासकिय अधिकृतलाई(४ पाङ्ग्रे सवारी साधन) १२० लिटर, अधिकृतस्तर(आठौं) लाई २५ लिटर, अधिकृत स्तर छैटौंलाई २० लिटर, सहायकस्तरलाई १५ लिटर, सवारी चालक र सहयोगीस्तर लाई ५ लिटरको दरले इन्धन दिने व्यवस्था गरेको छ। पालिकामा २ पाङ्ग्रे सवारी साधन ३३ वटा र ४ पाङ्ग्रे सवारी साधन ३ वटा तथा रोलर र ग्रेडर १/१ (रोलर र ग्रेडरमा इन्धन प्रयोग नभएको) प्रयोग भएकोमा निम्न बमोजिम रु.५२,०३,७२३ इन्धन खर्च भएकोमा कर्मचारीको नाम अनुसार इन्धन उपलब्ध गराएको विवरण तयार गरेको छैन। निर्देशिकाले तोकेको मापदण्ड अनुसार मात्र इन्धन प्रयोग भयो भनी एकिन हुन सकिदैन। पालिकाले इन्धन खर्च भुक्तानी गर्दा मितव्ययीता कायम गर्नुपर्दछ।

क्र.स.	खर्च शिर्षक	खर्च रु.
१	इन्धन(पदाधिकारी)	३,९७,०३३
२	इन्धन कार्यालय प्रयोजन	३४,९९,९४९
३	इन्धन अन्य प्रयोजन	३,०३,९८७
४	इन्धन कार्यालय प्रयोजन(सम्पुर्ण वडा कार्यालय तर्फ)	१०,०२,७५४
	जम्मा	**५२,०३,७२३**

२४ **प्रकोप व्यवस्थापन कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाको काम कर्तव्य र अधिकारबारे उल्लेख गरेको छ। ऐनको दफा ११ (न) बमोजिम विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन गर्न कार्यविधि तयार गरी कार्यन्वयन गर्न सकिने व्यवस्था उल्लेख छ। पालिकाको विपद् व्यवस्थापन कोष(संचालन) कार्यविधि, २०८० को बुँदा ३ मा स्थानीय स्तरमा उत्पन्न भएको वा हुन सक्ने विपद्को जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्वन्धी स्रोत संकलन र परिचालन गर्नको लागि एक विपद् व्यवस्थापन कोष स्थापना गर्ने र दफा ५ र ६ बमोजिम रकम जम्मा गरी सोही कोषबाट खर्च गर्न सकिने व्यवस्था छ। कार्यविधि बमोजिम विपद् व्यवस्थापन कोष स्थापना

गरी सोही कोषबाट खर्च गर्नुपर्नेमा कोषको स्थापना गरेको भएतापनि उक्त कोषमा रकम जम्मा नगरी चालु खर्च तर्फ विपद्, राहत, उद्वार तथा पूर्नस्थापना शीर्षकमा रु.७५ लाख बजेट विनियोजना गरी रु.६०,४३,७७९ खर्च गरेको छ। यस्तै उक्त कार्यविधिको दफा ९(ङ) मा आकस्मिक रुपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माण सम्वन्धी कार्य, विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्वन्ध नभएका अन्य कुनै कार्य गराउन नहुने व्यवस्था छ। नमुना परिक्षण गर्दा पालिकाले निम्न अनुसारको आकस्मिक रुपमा निर्माण गर्नुपर्ने वाहेकका योजना संचालन गरी भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.

गो भौ नं र मिति	**योजनाको नाम**	**निर्माण व्यवसायी**	**रकम रु.**
९५०-२०८१/०२/०२३	कार्यालय भित्र नालि निर्माण तथा विभिन्न कोठाहरुमा जिपसन निर्माण	जय श्री निर्माण सेवा	९४९३०८
१२३२-२०८१/०३/०२३	जंगपुर बाटोमा शेरवाल माटो पटान तथा बाटो ग्राबल	शुभलक्ष्मी टोल विकास संस्था	३५७९००
१२७९-२०८१/०३/०२४	बनखेत टोल विकास संस्था	बनखेत टोल विकास संस्थालाई भुक्तानी	२८२७६१
१२८४-२०८१/०३/०२४	नवदुर्गाँ सिँचाई / उपभोक्ता समिति	नवदुर्गा उपभोक्ता समितिलाई भुक्तानी	३५१०००
		जम्मा	**१९,४०,९६९**

अनियमित भएको	१९,४०,९६९

२५ **सञ्जु चौधरी कोष स्थापना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाको काम कर्तव्य र अधिकारबारे उल्लेख गरेको छ। ऐनको दफा ११ (न) बमोजिम विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने गरी कार्यविधि तयार गरी कार्यन्वयन गर्न सकिने व्यवस्था उल्लेख छ। पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेका कोषहरूको कार्यविधि तयार गरी सञ्चालन गर्नुपर्दछ। ऐनले व्यवस्था गरेको कोष बाहेक अन्य कोषहरूको स्थापना र सञ्चालन गर्न कानूनले स्वीकृति दिदैंन। पालिकाले एथलेटिक्स खेलाडी सञ्जु चौधरीको स्मृतीमा कोष खडा गरी पालिका चालु शीर्षकबाट गो.भौ.नं. ५८७।२०८०।१०।१६ मा रु.५ लाखको कोष स्थापना गरेको छ। यसरी पालिकाले कानून भन्दा बाहिरको कोष स्थापनाका लागि गरेको खर्च नियमसंगत नदेखिएको रु.

अनियमित भएको	५,००,०००

२६ **अन्य निकायको खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको कार्यालयको खर्च रु.९,५९,९३४ भुक्तानी गरेको छ। कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

क्र.स	गोश्वरा भौचर	कार्यालय	भुक्तानी प्रयोजन	भुक्तानी दिएको फर्म	रकम रु.
१	३८८।०८०।७। २२	नापि र मालपोत कार्यालय कोहलपुर शाखा	कार्यालय सामाग्री खरिद वापत भुक्तानी	टेक्नोलोजी लिङ्क इन्टरप्राइजेज सेन्टर	३३८४४६
२	६५९।०८०। ११।२३	नापि र मालपोत कार्यालय कोहलपुर शाखा	कार्यालय सामाग्री खरिद वापत भुक्तानी	आउटलुक सप्लायर्स	५७२६२
३	६५९।०८०। ११।२३	नापि र मालपोत कार्यालय कोहलपुर शाखा	कार्यालय सामाग्री खरिद वापत भुक्तानी	निशान कम्प्यटर्स ट्रेडर्स	९६७३९
४	**७०७। २०८०-१२-०४**	इलाका प्रहरी कार्यालय	कार्यालयको सुरक्षाको लागिकम्पाउण्ड वालमा काँडेतार लगाएको		२४१८८७
जम्मा					**७३४३३४**
				अनियमित भएको	७,३४,३३४

२७ **वितरणमुखि खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट तयार गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेतलाई बिचार गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पूँजी सृजना नहुने खालका वितरणमुखी प्रकृतिका तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सीमित स्रोतको महत्तम परिचालन गर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माण नहुने, उत्पादनमा वृद्धि नगर्ने प्रकृतिका वितरणमुखी कार्यक्रमहरुमा खर्च लेखेको छ। पालिकाले यस्तो खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ।

गो भौ नं र मिति	विवरण	रकम
६९-२०८०।०६।२२	राष्ट्रिय युवा संघ नेपाललाई सहयोग	५००००
१२८१-२०८१।०३। २४	नेपाल पत्रकार महासंघ भुक्तानी	४९९४६
११४४-२०८१।०३। १९	शहिद तथा बेपत्ता परिवार कार्यक्रम	३९७००
११-२०८०।१०।२४	क्रियटिभ गन्ज मिडिया एण्ड इभेन्ट म्यानेजमेन्ट प्रा लि लाई कार्यपालिकाको निर्णयको आधारमा भुक्तानी सहयोग	११३०००

२८ **फरक खर्च शीर्षक :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) बमोजिम गाउँकार्यपालिकाले गाउँसभावाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ। जस अनुसार जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शीर्षकबाट बजेट खर्च लेख्नु पर्नेमा नमुना परीक्षणको क्रममा पालिकाले निम्नानुसार फरक शीर्षकबाट रु ६,२६,२५९ खर्च गरेको देखिएकोले उपरोक्त नियम बमोजिम अनियमित देखिएको रु.

गो.भौ.नं./मिति	**भएको खर्च शीर्षक**	**हुनुपर्ने खर्च शीर्षक**	**रकम रु.**
१०७९। २०८१-०३-१९	विपद राहत उद्धार तथा पूर्नस्थापना	पानीतथा बिजुली	३०००००
८।२०७९-०७-२३	स्थानिय पाठयपुस्तक तथा छपाई वितरण	विविध	४४८४०
१०१२-२०८१/०३/२	विविधखर्च(कर्मचारीको भ्रमण आदेश र विलका आधारमा भुक्तानी)	भ्रमण खर्च	१८४४०
१०३५।२०८१।०३। १२ १०८७।२०८१।०३। १७	सभा सञ्चालन खर्च (सभा सञ्चालन नभएको समयको खाजा खाना वापतको अजय नास्ता पसल र अंजली खाजा घरलाई भुक्तानी)	विविध-खाजा खान खर्च	२४०२४५
५२८। २०८०/०९/२५	विविध खर्च(भुवार भवानी मिडियालाई सूचना प्रकाशस वापतको भू.)	पत्रपत्रिका, सूचना प्रकाशर प्रशारण	४२९४
१०१२-२०८१/०३/२	विविधखर्च(कर्मचारीको भ्रमण आदेश र विलका आधारमा भुक्तानी)	भ्रमण खर्च	१८४४०
		जम्मा	**६,२६,२५९**

अनियमित भएको	६,२६,२५९

२९ **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिम रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकी विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र तोकिएको निकाय/ पदाधिकारीबाट प्रमाणित गराई अभिलेख राख्नुपर्ने भन्ने व्यवस्था छ। तर पालिकाले तयार पारेको गतवर्षको भुक्तानी दिन बाँकीको विवरण(म.ले.प.फा.नं. २२१) प्रमाणित नगराएको तथा चालु आ.व.को बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था समेत नगरी स्टाटिस्टक नेपाल प्रा.लि.लाई गो.भौ.नं. ५४१।२०८०।०९।२७ बाट रु.४ लाख ९५ हजार भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

अनियमित भएको	४,९५,०००

३० **अनुदानको अनुगमनः**

पालिकाले यो वर्ष कृषि तथा पशु विकास कार्यक्रमतर्फ विभिन्न कृषि तथा पशुपालन फार्महरूलाई खेतीपाती, फार्म निर्माण तथा पशु खरिदको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम स्वीकृत गरी रकम उपलब्ध गराएको देखियो। यसरी अनुदान उपलब्ध गराउँदा पालिकाले सूचना प्रकाशन गरी प्रस्ताव माग गरेर पुराना र सञ्चालनमा रहेकै फार्महरूलाई व्यवसाय विस्तार गर्ने गरी विभिन्न फार्महरूलाई ५० प्रतिशत अनुदान स्वरूप रू.२ लाख देखि रू.११ लाखसम्म गरी कुल रू.

२०७४६८८/- अनुदान उपलब्ध गराएको देखियो। पालिकाले सञ्चालन भईरहेका प्राईभेट फार्महरूलाई नै थप व्यवसाय विस्तारको लागि अनुदान उपलब्ध गराउँदा न्यून आय भएका, गरिब तथा आफ्नै स्रोतबाट नयाँ व्यवसाय सञ्चालन गर्न नसक्ने कृषक अनुदानबाट बञ्चित हुनुपरेको छ। त्यसैगरी पालिकाले अनुदान वितरणको अधिकाशं कार्यक्रम अन्तिम चौमासिकमा सञ्चालन गरेकोमा सोको अनुगमन समेत प्रभावकारी हुन सकेको छैन। पालिकाले अनुदान वितरणको कार्यविधि बनाई यस प्रकारका कार्यक्रम व्यक्तिगत रूपमा नभई धेरै भन्दा धेरै परिवार लाभान्वित हुने गरी सामूहिक लाभ तथा अधिक लागत साझेदारी मार्फत सञ्चालन गर्नुपर्दछ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि कार्यालयले प्रभावकारी रुपमा अनुगमन मुल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको देखिएन। यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ। यो वर्ष पालिकाले थप व्यवसाय विस्तारको लागि अनुदान उपलब्ध गराएका व्यक्तिगत कृषि फर्मका केही उदाहरण देहाय अनुसार रहेका छनः

गो.भौ.नं./मिति	**विवरण**	**रकम**	**कैफियत**
११०९।२०८१-०३-१७	उन्नत जातको धानको बिउ वितरण	८८१४००	५० प्रतिशत अनुदान
५७७।२०८०-१०-१५	गहुँको उन्नत बिउ वितरण	४९९१००	५० प्रतिशत अनुदान

३१ **सौर्य बत्ती जडानः**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले अमानतबाट काम गराउने भनि वडास्तरीय बैठकबाट निर्णय गराई Downlight Round 18w 3000k/6500k को १८ वटा बत्ती रु.९२०००।- को खरिद गरेको देखिन्छ। उक्त बत्तीहरु कुन स्थानमा जडान गरिएको हो सोको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	९२,०००

३२ **टोल विकास संस्थाको लेखापरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि संलग्न कागजात बमोजिम भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले एम.बि शाही एसोसियट्सलाई १४३ वटा उपभोक्ता समितिहरुको लेखापरीक्षण गरे वापत सेवा तथा परामर्श शीर्षकबाट रू.७,१५,९२५ लाख भुक्तानी खर्च लेखेको छ। कानून बमोजिम गठन भएको उपभोक्ता समितिको लेखापरीक्षण गराउने दायित्व सम्बन्धित उपभोक्ता समुहको भएको हुँदा, निश्चित उद्देश्यको लागि गठन भएको समितिको लेखापरीक्षण गराउने कार्य पालिकाबाट हुनु कानूनसम्मत नदेखिएकोले सम्बन्धित उपभोक्ता समितिबाट लेखापरीक्षण वापतको रकम असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	७,१५,९२५

३३ **फोहोरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैलाको व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने व्यवस्था छ। त्यसैगरी, सोहि ऐनमा फोहोरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्टाउनु गरी तोक्नुपर्ने व्यवस्था छ। पालिकाले अल्पकालिन रुपमा सभाबाट निर्णय गरी वडा नं. ८ मा सामुदायिक वनको

अनुमती लिई ल्याण्डफिल्ड साईटको व्यवस्था गरेको छ। फोहरमैलालाई उत्पत्तिको स्रोतमा नै बर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्ने तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि दीर्घकालिन उपाय अबलम्बन गर्ने तर्फ पालिकाले उचित ध्यान पुर्‍याउनु पर्दछ।

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ कार्यान्वयनमा छ। यस कार्यक्रममा पालिकाभित्रका ६ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ७६ जनालाई औसत ९२.१८ दिनले ७००६ दिन रोजगारी उपलव्ध गराई रु.४६,८०,००० श्रमिकको ज्याला वापत खर्च गरेको छ। पालिकाले कार्यविधिमा तोके बमोजिम एक जनालाई १०० दिनको रोजगार उपलब्ध गराउनुपर्दछ। यस कार्यक्रम अन्तर्गत कुल खर्च रु.६५,५८,९३७ खर्च भएकोमा तलब भत्ता तथा प्रशासनिक कार्यमा रु.१८,७८,९३७ र श्रमिक ज्यालामा ४६,८०,००० खर्च भएको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।

३५ **सामाजिक सुरक्षाः**

३५.१ सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र नविकरण गरिसक्नुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट प्राप्त Gender wise SSNP Grant Report(अनुसूची ४) बमोजिम आर्थिक वर्ष २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता लिएका ५८१० लाभग्राही मध्ये चालू वर्षको लागि लेखापरीक्षण अवधिसम्म नविकरण गर्न आएका लाभग्राही संख्या ५४४१ मात्र रहेको पाईयो। पालिकाबाट नविकरण गर्न नआएका लाभग्राहीको पहिचान गरी लाभग्राही एकिन गर्ने कार्य लेखापरीक्षणको अवधिसम्म भएको पाईएन्। आर्थिक वर्ष २०८१।८२ को लागि नविकरण गर्न नआएका ३६९ लाभग्राहीलाई २०८०।८१ मा भुक्तानी भएको रु.२१,३१,९४,११६ सामाजिक सुरक्षा भत्ता तथा लाभग्राही सम्बन्धमा पालिकाले एकिन गरी वास्तविक लाभग्राही भए नभएको सम्बन्धमा पहिचान हुनुपर्दछ।

३५.२ सामाजिक सुरक्षा कार्यविधि २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसुचि १० अनुसार बैंक संग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायत अन्य आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोरामा सुधार हुनुपर्दछ।

३६ **तलबी प्रतिवेदन :**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उपदफा ४ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई पालिका कर्मचारी तर्फ रु.१६५६८८९८.६२ र स्वास्थ्य कर्मचारी तर्फ रु.२५२९९९९९.३० गरी जम्मा रु.४१८६८८९७.९२ तलब भत्ता वापत खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा कर्मचारीले पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३७ **करार कर्मचारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेकका पदमा करारमा कर्मचारी नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता यस आ.व.मा रु.२,६३,८६,३०७ भुक्तानी गरेको पाइयो। सो ऐनको व्यवस्था विपरित नियुक्ति गरेमा भुक्तानी गरेको रकम भुक्तानी गर्ने पदाधिकारीबाट अशुल गर्ने व्यवस्था समेत छ। सार्वजनिक निकायहरुले कानून विपरित करार नियुक्ति गरेकोमा अनियमित भएको रु.

पदको नाम	नियुक्ती संख्या	तलब भुक्तानी रु.
सव इन्जिनियर	२	७,८५,२००
अ.स.इ	५	१८,५९,६५०
सहायक कम्प्युटर अपरेटर	३	११,१५,७९०
सर्वेक्षक	१	३,९२,६००
अमिन	८	२४,९६,०००
कृषि सहायक	४	११,४४,०००
कृषि पशु प्राविधिक चौथो	९	२५,७४,०००
सहायक कर्मचारी	११	२७,०४,०००
मे.अ	१	१०,५५,९९७
अ.हे.व	८	३०,५५,४४०
फार्मेसी	१	४,०२,६००
हे.अ	२	८,०५,२००
अनमी	८	३०,५५,४४०
रेडियग्राफर	१	४,०२,६००
नेत्र सहायक	१	४,०२,६००
स्टाफ नर्स	१	४,०२,६००
ल्या.टे / सहायक	३	१२,०७,८००
स.ले प सहायक	३	११,४५,७९०
रिसेप्सनिष्ट	३	८,१०,०००
वैद्य	१	३,३५,०००
जम्मा		**२६१,५२,३०७**

अनियमित भएको	२,६१,५२,३०७

३८ **कर्मचारी अवकाश कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारी अवकाश कोषमा गो.भौ.नं १०३९।०८१।३।१२ बाट रु. ३० लाख जम्मा गरेको छ। यसरी ऐनको व्यवस्था विपरित कर्मचारीको योगदानको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकाश कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले पालिकाले ऐन बमोजिम अवकाश कोष स्थापना गरी रकम जम्मा गर्नुपर्दछ।

३९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले दिएको विवरण अनुसार संघीय दरवन्दी अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी पालिकाले ६ दरवन्दी थप गरी ५३ दरवन्दी स्विकृत गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा स्विकृत दरवन्दी अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित ३४ जना कर्मचारी स्थाइ पदपुर्ती भएको देखिन्छ भने १८ पद रिक्त देखिन्छ । पालिकाले उक्त रिक्त पद मुख्यमन्त्री कार्यालयमा माग नगरी करारमा नियुक्ती गरेको छ । पालिकाको संघीय दरवन्दी र गाँउपालिकाले थप गरेको दरवन्दी सहित कुल दरवन्दी ५३ स्विकृत भएकोमा स्थाइ ३४ जना र कारारमा १०३ गरी १३७ जना कर्मचारी कार्यरत रहेको छन् । पालिकामा स्विकृत दरवन्दी भन्दा ८४ जना कर्मचारी वढी पदपूर्ती भएको देखिन्छ । जसमा कार्यालय सहयोगी, चालक, कुचिकार लगायत श्रेणी विहिन कर्मचारी कर्मचारी वाहेक ३८ जना कर्मचारी दरवन्दी भन्दा वढी नियुक्ती गरी तलव भत्ता भुक्तानी भएको देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कर्मचारी पदपूर्ती स्थिती देहायवमोजिम रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४० **राजस्व तथा आन्तरीक आयतर्फः**

आन्तरिक आयको लक्ष्य प्रगतीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६,००,५०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ५,५३,१४,७५७.३३ अर्थात अनुमान को तुलनामा ९२.११ प्रतिशत आय प्राप्त गरेको छ । त्यस्तै गत वर्ष आन्तरिक आय तर्फ रु. २६८९६६००.४६ आन्तरिक आय भएकोमा यो वर्ष २०५.१ प्रतिशतले वृद्धि भएको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सि नं	राजश्वको नाम	आ व २०७९।८० को असुली	२०८०।८१को अनुमान	२०८०।८१को असूली
१	सम्पती कर		०	९०,४३,०९९.६४
२	भुमिकर/मालपोत	३११२८३५७.३७	१२,००,०००.००	५,४९,७६६.७८
३	घरजग्गा रजिष्टेशन दस्तुर		०	२,६३५.००
४	वहाल कर		५,००,०००.००	१,८१,८२३.००
५	सवारी साधन कर (साना सवारी)	१००७६५५०	०	५००.
६	व्यवसायले भुक्तानी गर्ने		०	१०,६००.००
७	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर		०	२००.
८	अखेटोपहारमा लाग्ने कर		०	४,६८५.००
९	अन्य कर		०	९४,५९,९७४.००
१०	अन्य निकायबाट प्राप्त लाभांश		०	४०,०३,०००.००
११	अन्य स्रोतबाट प्राप्त रोयल्टी	२८०००००	०	२,७०,७७,६२४.६०
१२	अन्य बिक्रीबाट प्राप्त रकम		५,००,००,०००.००	०
१३	अन्य सेवा शुल्क तथा बिक्री		३,५०,०००.००	(१,२५,३२,८६९.५६)
१४	न्यायिक दस्तूर		०	१,३१०.००
१५	शिक्षा क्षेत्रको आम्दानी		०	४,८००.००
१६	अन्य प्रशासनिक सेवा शुल्क		०	३५,८००.००
१७	नक्सापास दस्तुर		०	८९,७२४.००
१८	सिफारिश दस्तुर	८०८३९०	२५,००,०००.००	३,५४,९४०.००
१९	व्यक्तिगत घटना दर्ता दस्तुर	५००००	१,००,०००.००	०
२०	नाता प्रमाणित दस्तुर	१८३६५०	२,००,०००.००	४६,०५०.००
२१	अन्य दस्तुर	४७७७५३.८	४५,००,०००.००	३,०६,७२०.८७
२२	व्यावसाय रजिष्ट्रेशन दस्तुर		०	२०,८५०.००
२३	प्रशासनिकदण्ड, जरिवानारजफत	४२००	५०,०००.००	०
२४	अन्य राजस्व		०	१,५९,००,०००.००
२५	व्यवसाय कर	२२५०	६,५०,०००.००	७,५३,५२४.००
	जम्मा	**२,६८,९६,६००.४६**	**६,००,५०,०००.००**	**५,५३,१४,७५७.३३**

४१ **सामुदायिक वनको आयः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका २५ सामुदायिक वनको अभिलेख राखी वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

४२ **आन्तरिक आयको अनुपातः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

कुल खर्च	केन्द्रिय अनुदानवाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
६६७२३५१३७	६११०१३५५५	५,५३,१४,७५७	८.२९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.२९ मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सोधभर्ना नलिएको

४३ **कम राजस्व दाखिला:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा दाखिला गर्न नसकिने अवस्थामा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले दिएको विवरण अनुसार निम्न चार वडाको रु. ३१६१५६० राजस्व संकलन भएकोमा रु. २७८४३२१ मात्र दाखिला भएको छ। पालिकाका सबै वडा सुगममा रहेको अवस्थामा समेत समयमा दाखिला नगरी रु. २८३८०९ राजस्व रकम दाखिला गर्न बाँकि देखिन्छ । पालिकाले प्रचलित कानून अनुसार राजस्व रकम समयमा दाखिला नभएमा सोको ब्याज समेत एकिन गरी असुल गर्नुपर्दछ । उक्त दाखिला गर्न बाँकि रकम रु.२८३८०९ र व्याज रकम समेत पालिकाले एकिन गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

वडा नम्बर १	संकलन रकम	दाखिला रकम	दाखिला गर्न बाँकी रु.
१	३४६२२९	२८५९२४	६०३०५
५	८१०७७५	७८९६२६	२११४९
८	१०९००६०	८८७७०५	२०२३५५
जम्मा	२२४७०६४	१९६३२५७	२८३८०९

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९३,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,८३,८०७

४४ **आन्तरिक आय व्यवस्थापनः**

४४.१ लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि ६ बमोजिम ढुङगा, गिटि, बालुवा,ग्राभेल, स्लेट, चुन ढुङ्गा, खरीढुङ्गा, भस्कट माटो र दहत्तर बहत्तर समेत ऐनमा उल्लेखित दरमा कम नहुने गरी प्रतिस्प्रधाको माध्यमबाट बिक्री गरी संकलित रकम स्थानिय र प्रदेश तह बिच बाँडफाँड गर्नुपर्ने ब्यबस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्र रहेका ८ वटा संकलन केन्द्रको आ.इ.इ. प्रतिबेदन

२०७९ बमोजिम बार्षिक उतखनन् गर्ने अधिक्तम परिमाण १,३३,८६,१७८ क्युफिट मध्ये बागदैला घाट,सिजनिया घाट,जलाला घाट फत्तेपुर,झिझरी खोला र आलिनगर चाँचरफर्का घाटको ८५२५१३० क्युफिटको मात्र ठेक्का ब्यबस्थापन गरी २०८१।२।१५ सम्म उत्खनन गर्नेगरी चुर कन्सट्रक्शन एण्ड ढकाल सप्लायर्स प्रा.लि सरावल १ नवलपरासि संग २०८०।८।१० मा रु ८६७९६९०६ (मु.अ.क समेत)को सम्झौता भएको देखिन्छ। यस सम्बन्धमा देखिएका ब्यहोरा निम्नानुसार छन:-

४४.२ **क) राजस्व वक्यौताः** नदिजन्य पदार्थ विक्रिको लागि चुर कन्सट्रक्शन एण्ड ढकाल सप्लायर्स प्रा.लि सम्झौता भए बमोजिमको रकम रु ८६७९६९०६ (मु.अ.क समेत) मध्ये समझौताको शर्त नम्बर १ अनुसार प्रथम किस्ता रु.७५४७८२८सम्झौताको बखत र समझौताको शर्त नम्बर ३ अनुसार दोस्रो देखि सातौ किस्ता तोकिए बमोजिम २०८१ जेष्ठ १५ भित्र बुझाउनुपर्ने उल्लेख छ भने समझौताको शर्त नम्बर ११ बमोजिम ढिला दाखिला भएमा दश प्रतिशतका दरले ब्याज तथा जरिवाना सहित असुल गर्ने व्यवस्था रहेकोमा प्रथम किस्ता समयमा प्राप्त भइ बाँकि सबै किस्ता समय भन्दा ढिला र कम समेत दाखिला गरेको देखिन्छ। पालिकाले थप रकम असुल गर्नुपर्नेमा सो समेत एकिन गरी सम्झौताको शर्त अनुसार दोस्रो देखि छैटौ किस्ता सम्मको ढिला अवधिको व्याज रु. १५८१८८७ समझौताकर्ता चुर कन्सट्रक्शन एण्ड ढकाल सप्लायर्स प्रा.लि बाट असुल गरेको नदेखिएकोले जरिवाना रकम असुल गर्नुपर्ने रु

क्र सं	किस्ता बुझाउने मिति	बुझाउनुपर्ने रकम रु	बुझाएको मिति	बुझाएको रकम रु	बाँकी	८१ जेष्ठ १५ सम्मको ढिलादिन	८१ जेष्ठ १५ सम्मकोब्याज
	सम्झौताकिस्ता	७,५४७,८२९		७,५४७,८२९			
१	२०८०।९।२९	६००००००	८०।१०।१८	५३०९७३५	६९०२६५	१५०	२८३६७
२	८०।१०।२९	१५००००००	८०।११।३०	२५०००००	१२५०००००	१०७	३६६४३८
३	८०।११।३०	१५००००००	८०।१२।१६	४५०००००	१०५०००००	९१	२६१७८१
४	८०।१२।३०	१५००००००	८१।१।१२	३००००००	१२००००००	६४	२१०४११
५	८०।१।२९	१५००००००	८१।१।२५	४५०००००	१०५०००००	४८	१३८०८२
६	८१।२।१५	११९४९०७७	८१।२।४	४००००००	७९४९०७७	३२	६९६९१
जम्मा							१०७४७७०
२०८१ जेष्ठ १५ सम्झौताम्याद नाघेपछीको भुक्तानी							
ढिला किस्ता बुझाएकोमिति	किस्ता बुझाएको रकम	८१ जेष्ठ १५ सम्मको ढिला दिन	ढिला बुझाए वापतको व्याज रकम रु.	ढिला किस्ता बुझाएको मिति	किस्ता बुझाएको रकम	८१ जेष्ठ १५ सम्मको ढिला दिन	ढिला बुझाए वापतको व्याज रकम रु.
८१।२।१६	५५०००००	१	१५०७	८१।४।३१	७५००००	७५	१५४११
८१।२।१७	१०४०००००	२	५६९९	८१।५।२	५०००००	७७	१०५४८
८१।२।२३	५००००००	८	१०९५९	८१।५।६	६९६६००	८१	१५४५९
८१।२।२९	२४५००००	१४	९३९७	८१।५।७	५०००००	८२	११२३३
८१।३।२१	३३०००००	३६	३२५४८	८१।५।१४	३८०००००	९७	१००९८६
८१।३।२६	५०००००	४०	५४७९	८१।५।१८	२५००००	९३	६३७०
८१।३।३१	५०००००	४५	६१६४	८१।५।२५	१५००००	९९	४०६८
८१।४।१९	२९०००००	६३	५००५५	८१।६।६	३०००००	११०	९०४१
८१।४।२१	७०००००	६५	१२४६६	८१।६।११	१६०००००	११५	५०४११
८१।४।२९	२१०००००	७३	४२०००	८१।०७।०४	२००७२५८	१३८	७५८९१
८१।४।३०	१५५००००	७४	३१४२५	-	-	-	
जम्मा व्याज		ख	२०७६९९			ग	२९९४१८
कुल जम्मा असुली हुनुपर्ने व्याज (क+ख+ग)							१५८१८८७

असुल गर्नुपर्ने	१५,८१,८८७

४४.३ **ख)राजश्व असुलीमा असरः** कुल ८ घाट मध्ये ५ घाटको ठेक्का व्यवस्थापन भएको खैरी खोला घाटमा प्रथम पटक ठेक्का सूचना प्रकाशन गरेकोमा कुनैपनि बोलपत्र नपरी ठेक्का ब्यबस्था नभएकोमा पुन ठेक्का ब्यबस्था गर्न नसकेको तथा अन्य २ घाटमा ठेक्का

आह्वाननै नगरेकोले आइइ प्रतिबेदन अनुसारको ठेक्का व्यवस्थापन गरी राजस्व वृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

४४.४ **ग) अनुगमन तथा ब्यवस्थापनः**

• कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्यी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन ।

• नदिजन्य पदार्थ उत्खन्नका लागि पट्के प्रवेश आदेश लिनुपर्नेमा लिएको देखिएन ।

• दैनिक खरिद विक्री तथा उतख्नन अभिलेख समेत राखेको पाईएन ।

• पालिकाबाट प्रमाणित नगदी रसिद ठेली प्रयोग गर्न ठेकेदारलाई दिईएकोमा सोको अभिलेख नराखेको ।

• रसिदको प्रयोग तथा ठेली मौजदात तथा सोबाट के कति विक्री गरी राजश्व उठेको सम्बन्धमा विवरण पेश नगरेकोले यथार्थमा उत्खन्न तथा विक्री भएको परिमाण सम्बन्धमा विश्वस्त हुन सकिएन।

• कतिपय रसिदहरु केरिएको तथा च्यातिएको पाईयो ।

• चेक्लिस्ट तयार गरि सो बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्नेमा अनुगमन समेत गरेको पाईएन ।

तसर्थ पालिकाले यस सम्बन्धमा नदि जन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कानुनी प्रावधान तथा व्यवस्थाको पालना गरी नदी जन्य पदार्थ उत्खन्न, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार भई ध्यान दिनुपर्ने देखिन्छ ।

४५ **औषधी खरिदः**

पालीकाले यस वर्ष संघीय शसर्त र पालीकाको आन्तरिक बजेट गरि सिलबन्दी दरभाउ पत्र मार्फत प्रति आईटमको लागत अनुमान तयार गरि न्युनतम कबोल गर्ने फर्म डालिमा मेडिसेल्स, काठमाडौसंग सम्झौता गरि बर्ष भरिमा कुल रु.५२७९५१८।को औषधि खरिद गरेकोमा देहाय बमोजिम पाईयो ।

क)लागत अनुमान :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्य संस्थाकालागि आवश्यक ११५ आईटम औषधी खरिद गरेको छ ।पालीकाले ५वटा फर्मबाट दररेट माग गरि प्रति आईटम औषधिको लागत अनुमान तयार गरेता पनि वर्ष भरि आवश्यक पर्ने औषधिको प्रक्षेपण गरि सोहि अनुसार वास्तविक लागत अनुमान तयार गरेको छैन । यसरी पालिकाले नियमावलीको व्यवस्था वमोजिम लागत अनुमान तयार नगरेकोले खरिद पूर्वको लागत अनुमान यर्थाथपरक छ भनि आश्वस्त हुनसक्ने अवस्था रहेन । अतः पालीकाले लागत अनुमानलाई वास्तविक र यर्थाथपरक बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

ख)वोलपत्र :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१क) अनुसार रु ५० लाख सम्मको औषधिजन्य सामान र मेडिकल उपकरण सिलवन्दी दरभाउपत्रबाट खरिद गर्न सकिन्छ । त्यस्तै नियम ३१(१) अनुसार रु ५० लाख भन्दा बढीको औषधिजन्य सामान र मेडिकल उपकरण वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।तर पालीकाले वर्ष भरिमा कुल रु.५२७९५१८।को औषधि खरिद गरेकोमा प्रति आईटमको लागत अनुमान तयार गरि सिलवन्दी दरभाउपत्रबाट खरिद गरेकोले नियमावलीको व्यवस्था वमोजिम वोलपत्रको माध्यमबाट खरिद गर्ने तर्फ पालीकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४६ **न्यानो झोला वितरणः**

आर्थिक वर्ष ०८०।८१ मा स्थानिय तहहरुवाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन कार्यक्रम नं २ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ । सोही वमोजिम तोकिएको गुणस्तरमा न्यानो झोला उपलब्ध गराउनु पर्दछ । पालिकाको वर्थिङ्ग सेन्टरमा ६९५ जना सुत्केरी संख्या

भएकोमा यस आर्थिक वर्षमा पालिकाले न्यानो झोला ५८८ खरिद खरिद गरी हस्तान्तरण गरेको छ । सुत्केरी संख्या भन्दा थोरै न्यानो झोला हस्तान्तरण गर्दा सम्पुर्ण सुत्केरी आमा गुणस्तरिय न्यानो झोला प्राप्त गर्न बाट वञ्चित भएका छन् । पालिकाले कार्यविधिले तोके वमोजिमको गुणस्तरिय न्यानो झोला उपलब्ध गराउनुपर्दछ ।

वर्थिङ्ग सेन्टरमा सुत्केरी	न्यानो झोला वितरण सङ्ख्या	नपुगेको सङ्ख्या
६९५	५८८	१०७

४७ **राष्ट्रिय शिक्षा नीतिको पालनाः**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

• सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
• अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
• प्रतिवेदन सार्वजनिक गरेको छैन ।
• निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
• निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

४८ **दिवा खाजाः**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८० को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५ का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभिन्न ५४ वटा विद्यालयहरुमा गरी जम्मा रु. १,४७,२४,५६५ विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन ।

४९ **बढी भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ को उपदफा १० जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ. १८४ मिति २०८१।०३।२३ मा विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहान अनुदान वापत पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई कक्षा १ देखि ३ सम्म स्वअध्ययन सामाग्री वितरणको लागि श्री पादुका कालसैनी प्रिन्टिङ्ग प्रेस, नेपालगञ्ज को बिजक नं. १०७ बाट विभिन्न पुस्तक खरिद वापत रु. ४,८३,४८१ भुक्तानी गरेको छ। पुस्तक वितरणको भर्पाई जाँच गर्दा भर्पईमा १ सेट मा १८ वटाका दरले ५४ वटा विद्यालयलाई ९७२ थान वितरण गरेको वितरण गरेको पाइयो। नमुना जाँचको लागि वितरित पुस्तकको १ सेट माग गर्दा सो सेटमा १८ थान मात्र पुस्तक रहेको पाइयो। यसरी वितरणको लागि कुल आवश्यक परिमाण ५४ विद्यालयलाई १८ थानको दरले ९७२ हुनुपर्दछ। वितरित पुस्तक वितरणको भर्पाई समेत ९७२ थान हस्तान्तरण भएको छ। खरिदको परिमाण बील बिजक अनुसार कुल पुस्तक थान २५९२ छ। यसरी आवश्यकता भन्दा बढी खरिद गर्नु तथा वितरणको भर्पाई समेत कम देखिनुले खरिद कार्य

वास्तविक नभएको पुष्टी हुन्छ। यसरी वास्तविक खरिद भन्दा बढी खरिद भएको बील बिजक पेश गरी भएको भुक्तानी पालिकाले एकिन गरी असुल गर्नुपर्ने रु.

क्र.सं.	विवरण	खरिद दर	खरिदभएको		बुझाएको/वास्तबिकखरिद		फरक रकम
			पुस्तक थान	जम्मामूल्य	बुझाइएको भर्पाइ पेश भएको थान	भर्पाईअनुसारको मूल्य	
१	अन्तरिक्ष खेल	९०	१६२	१४५८०	५४	४८६०	९७२०
२	अनारकलिको कथा	१४०	१६२	२२६८०	५४	७५६०	१५१२०
३	आज मेला के जाने	२४५	१६२	३९६९०	५४	१३२३०	२६४६०
४	को कसरि बोल्छ	१५०	१६२	२४३००	५४	८१००	१६२००
५	गाई जात्रा	१०५	१६२	१७०१०	५४	५६७०	११३४०
६	खानामा पाइने पोषणहरु	१४५	१६२	२३४९०	५४	७८३०	१५६६०
७	गाउँ खाने कथा	१३५	१६२	२१८७०	५४	७२९०	१४५८०
८	चार कुने साथीहरु	१७०	१६२	२७५४०	५४	९१८०	१८३६०
९	तारा र तारा मण्डल	१४०	१६२	२२६८०	५४	७५६०	१५१२०
१०	हाम्रा प्राकृति सम्पदा	१४५	१६२	२३४९०	५४	७८३०	१५६६०
११	क देखि ज्ञ सम्म	१५०	१६२	२४३००	५४	८१००	१६२००
१२	को सबैभन्दा बुद्धिमानि	१६५	१६२	२६७३०	५४	८९१०	१७८२०
१३	गुरुत्वाकर्षण	१५०	१६२	२४३००	५४	८१००	१६२००
१४	जीवजन्तुहरु	१३५	१६२	२१८७०	५४	७२९०	१४५८०
१५	म आफै गर्न सक्छु	१५०	१६२	२४३००	५४	८१००	१६२००
१६	एस.एम.एल जी१ म्याथ	५००	५४	२७०००	५४	२७०००	०
१७	एस.एम.एल जी२म्याथ	५९५	५४	३२१३०	५४	३२१३०	०
१८	एस.एम.एल जी२ म्याथ	५२५	५४	२८३५०	५४	२८३५०	०
जम्मा							**२३९२२०**

असुल गर्नुपर्ने	२,३९,२२०

५० **शिक्षक विद्यार्थी अनुपातः**

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । पालिकाले नियमवलीले तोकेको शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी विद्यालय व्यवस्थापन गर्नुपर्दछ ।

क्र सं	विद्यालयको तह	कुल विद्यालय	कुल विद्यार्थी संख्या	कुल शिक्षक संख्या	शिक्षक विद्यार्थी अनुपात	सबै शिक्षकको कुल तलब खर्च
१	आधारभूत तह (१-५)	१९	१०६६८	२६१	१:४१	२४०४१४२१६
२	आधारभूत तह (६-८)	१४	३९२०	१२३	१:३२	७८०८९७३६
३	माध्यमिक तह (९-१२)	२१	२९५८	१११	१:२७	३६७४३९५८
		५४	१७५४६	४९५	१:३५	३५५२४७९१०

५१ **गाउपालिका अनुदानवाट शिक्षकको तलव भत्ता भुक्तानी :**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं ४.१ मा स्विकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यारत सवै शिक्षकहरु, प्रारम्भिक वाल विकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीको तलव भत्ता सवै शशर्त अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था रहेको छ । शिक्षा नियमावली २०५९ को नियम ९७ (१) मा नेपाल सरकारबाट स्वीकृत दरवन्दीको रिक्त शिक्षक पदमा स्थाइ नियुक्तिको लागि उम्मेद्वार सिफारिश भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै उक्त नियम ९८ (१) मा कुनै पनि व्यक्ती वा शिक्षकलाई रिक्त दरवन्दी नरहेको विधालयमा नियूक्ती वा सरुवा गर्ननहुदैन भनी व्यवस्था गरेको छ । तर पालिकाले पालिकाअनुदान वाट निम्न विधालयमा दरवन्दी भन्दा वाहिरका शिक्षकको तलव भत्ता निकाशा दिएको छ । विधालयकमा कक्षा संचालन भएको तर शिक्षक दरवन्दी स्विकृत नभएको कारणले दरवन्दी भन्दा वाहिरको शिक्षकलाई तलव भत्ता निकाशा दिनुपरेको भनाई रहेको छ । पालिकाले शिक्षकको दरवन्दी मिलान गरी दरवन्दी स्विकृत गरी मात्र तलव भत्ता निकाशा दिनुपर्दछ पालिकाले दिएको विवरण अनुसार शशर्त अनुदान वाट भुक्तानी हुने शिक्षकको तलव भत्ता गाँउपालिका अनुदान वाट भुक्तानी भएको कानून सम्मत देखिदैन । पालिकाले शिक्षकको दरवन्दी मिलान गरी तथा दरवन्दी स्विकृत गरी तलव भत्ता निकाशा गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५२ **सवारी साधन मर्मतः**

५२.१ राप्तिसोनारी गाँउपालिकाको कार्यसंचालन निर्देशिका, २०७९ (संशोधन २०८०) को दफा ८ (९) मा सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई ४ पाङ्ग्रे सवारी साधनलाई लागत अनुमान र बिल अनुसार र २ पाङेग्रे सवारी साधनलाई बिल अनुसार वार्षिक वढीमा ३० हजार सम्म दिने व्यवस्था छ । पालिकाको सुत्र प्रणाली अनुसार पालिका तर्फ सवारी मर्मत मा रु. ३८,२९,०४० र वडा कार्यालय तर्फ सवारी साधन मर्मतमा रु. ६,९९,०५१ गरी जम्मा रु ४५,२८,०९१ खर्च भएकोमा निम्न पाइयो ।

५२.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ बमोजिम सार्वजनिक निकायले १ लाख भन्दा वढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी स्विकृत गराई गर्नुपर्ने व्यवस्था रहेको छ । नमुना परीक्षणको क्रममा निम्न सवारी साधनको मर्मत गर्दा कानून वमोजिम लागत अनुमान तयार नगरी मर्मत गरी भुक्तानी दिएको नियम संगत नदेखिएको रु.

गोश्वारा भौचर	सवारी साधन नं	सप्लायर्स	भुक्तानी रु
४३६।२०८०।८।१८	बा १ झ ३५३२	महाकाली पाइव सेन्ट	३६५८६०
५९९।२०८०।१०।२३	भे १ झ ३००	न्यु भेरी अटो मोबाइल	१३३६३३
५९९।२०८०।१०।२३	बा २ झ ४१५२	गनापुर अटो वर्क प्रा ली	१०४८८४
५९९।२०८०।१०।२३	भे १ झ ३२७	गनापुर अटो वर्क प्रा ली	१००८२०
९८३।२०८१।२।२९	भे १ ग १४८	महाकाली पाइव सेन्टर	१५००४५
९८३।२०८१।२।२९	भे १ झ ३२७	गनापुर अटो वर्क प्रा ली	१२२७४४
९८३।२०८१।२।२९	बा २ झ ४१५२	गनापुर अटो वर्क प्रा ली	१०१६११
		जम्मा रु.	१०,७९,५९७

अनियमित भएको	१०,७९,५९७

५३ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार आर्थिक वर्ष २०८०।८१ को जिन्सी निरीक्षणमा औल्याइएका मर्मत गर्नुपर्ने चार पाङ्ग्रे सवारी साधन लगायत १६३ थान र लिलिमा गर्नुपर्ने ल्यापटप, मोटर साईकल लगायत २८ थान रहेको छ। जिन्सी निरीक्षण प्रतिवेदनबाट औल्याइएका मर्मत सम्भार र , लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

५४ **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय बिश्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाले निम्न लिखित उपकरणहरु सञ्चालनमा आय गणना नगरेको कारण रु.४१९६०२ घाटा देखाएको छ भने इन्धन लागतको अभिलेख स्पष्ट नराख्दा सो को एकिन गर्न सकिएन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

उपकरणको नाम	जनशक्ती लागत	मर्मत लागत	जम्मा खर्च	आय	घाटा
ग्रेडर	३१०२००	९८५२४४	१२९५४४४	९९००००	३०५४४४
रोलर	३१०२००	३६६४५८	६७६६५८	५६२५००	११४१५८
जम्मा	६,२०,४००	१३,५१,७०२	१९,७२,१०२	१५,५२,५००	४,१९,६०२

५५ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले यस वर्ष साना सिंचाई कार्यक्रम अन्तर्गत कृषकको ५०% योगदान र पालिकाको ५०% अनुदान हुने गरि ८ वटा वडामा सिंचाई मोटर वितरणका लागि २८०००००।–बजेट बिनियोजन गरेको छ ।पालिकाले २२२वटा मोटरको कुल

रु.५५००९३८।–को लागत अनुमान तयार गरि २०८०।१२।२७ मा बोलपत्रको सुचना आह्वान गरेको पाईयो ।सुचना बमोजिम सबै भन्दा कम कबोल गर्ने आदित्य ट्रेडिङ्ग हाउस संग २०८१।३।१० सम्म सम्पन्न गर्ने गरि रु.४२९०२०७।–को सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम २०८०।३।२४मा कार्यालयमा दाखिला भई २२२ कृषकलाई वितरण गरि भरपाई गरेको भएता पनि वितरण पश्चात सोहि प्रयोजनमा प्रयोग गरे नगरेको तथा सोको उपलब्धि समेतको लेखाजोखा गरि अनुगमन गरेको छैन । तसर्थ पालिकाले अनुदानबाट खरिद र वितरण गरेको सिंचाई मोटरको प्रयोग तथा सोको उपलब्धि समेतको लेखाजोखा गरि अनुगमन गर्नुपर्दछ ।

५६ **धरौटीः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,०९०,०४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५७ **परामर्श सेवाः**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष डिपिआर कार्यमा रु १८,५८,००० खर्च गरेको छ । पालिकाले गत वर्ष सम्म गरेको डिपिआरको विवरण प्राप्त हुन सकेन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ । यस आर्थिक वर्ष २०८०।८१ मा तयार गरीएको डि.पि.आर कार्यान्यिनको स्थिति देहाय वमोजिम रहेको छ ।

योजना	परामर्श दाता	कार्यप्रकृती	डिपिआर लागत	आयोजनाको लागत अनुमान	आ व २०८१।८२ मा वजेट विनियोजन
औधोगिक ग्राम वैजापुर	मेगा सिभिल इन्जिनियरीङ सोलुसन एण्ड कन्सल्टेन्सी प्रा ली	औधोगिक ग्राम योजना	१३,८९,०००	४०,९०,६३,३१८	०
१० स्थानमा सिंचाई आयोजना	जीयो डाइनामिक इन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा ली	जमिनमुनीको पानीको सतह सम्वन्धी अनुसन्धान	४,६९,०००	-	०

५८ **थप निर्माण कार्य कोटेशनबाट:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ र ३क वमोजिम निर्माण कार्यको प्रतिस्पर्धालाई संकुचित र सीमित नहुने गरी खरिद योजना वनाई निर्माण कार्य गर्नुपर्दछ। निर्माण कार्य गर्दा ठेक्कावाट गराएकोमा सोही योजनासँग सम्वन्धित केही काम सुरु लागतमानै समावेस नगरी कोटेसनवाट गराएको देखिन्छ। यसरी कोटेसनवाट गराउँदा वोलपत्रवाट गराएको भन्दा निम्नानुसारका दुई योजनामा रु.१९ लाख ४० हजार वढी लागत परेको छ। यस सम्वन्धि व्यहोरा देहायमा उल्लेख छ ।

भौ.नं.मिति	कामको विवरण	निर्माण व्यवसायी	लागत	कार्यसम्पन्न	वोलपत्रमा घटेको प्रतिशत	कोटेशनमा परेको वढी लागत
९९।८१।३।१२	खल्यान देखि मिन सिजवालको घर सम्मको पक्की बाटो निर्माण	भवंर भवानी निर्माण सेवा	६४३४४९६	४२२८३२६५	३३.१४	९८१३५३
६४।८१।१।३१	वर्थिङ्ग सेन्टर निर्माण	रक्षादेवी कन्सट्रक्सन प्रा.ली	३६४२९२६	२४११६४७	३२.७५	९५८७६५
				जम्मा		१९४०११८

यसरी सुरु लागत अनुमानमानै उक्त परिमाण थप गरि वोलपत्रद्वारा कार्य गर्नुपर्नेमा खरिद योजनमा समावेस नगरि प्रतिस्पर्धालाई संकुचित र सीमित हुने गरी निर्माण कार्य गर्दा वढी लागत पर्नगरी निर्माण कार्य गराएको अनियमित देखिएको रु.१९४०११८।-

अनियमित भएको	१९,४०,११८

५९ **बिभिन्न सडक मर्मत संभार वडा नं.१,२र ८ः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० खरिद सम्झौताको म्याद सकिनु भन्द्रा कम्तीमा एक्काईस दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने उल्लेख छ । त्यस्तै नियम १२१ मा खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५%पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका विभिन्न सडक मर्मत संभारका लागि रु.५६४७७६५।१२ (मु.अ.क. सहित)को लागत अनुमान तयार गरि मिति२०८०।१२।२१ मा बोलपत्रको सुचना आह्वान गरेकोमा एक मात्र जय गणेश निर्माण सेवा कोहलपुर २ बाँकेको बोलपत्र परि उक्त फर्म संग रु.४४४८८९४।०४को सम्झौता भएको देखिन्छ ।प्रथम रनिङ्ग विलको गो.भौ.२१६।२०८०।३।२४ बाट रु १५३५८६७।– भुक्तानी भएको छ ।निर्माण ब्यावसायीले समयमा काम सम्पन्न नगरि मिति २०८१।३।४ मा म्याद थपको निवेदन दिएकोमा कार्यपालिकाको बैठकले २०८१।६।१५ सम्मको म्याद थप गरेता पनि लेखापरिक्षण अवधि सम्म म्याद समाप्त भएको देखिन्छ ।सो निर्माण कार्यको पटक पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न नभएको देखिंएकोले हर्जना सहित बाँकि कार्य रु.२९१३०२७।०४ को कार्यसम्पन्न गर्नु गर्ने देखिन्छ ।

६० **वोलपत्र जमानतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (३) बमोजिम न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही वोलपत्रदाको वोलपत्र स्वीकृत गरी खरिद सम्झौताको लागि सूचना दिएकोमा कार्यसम्पादन जमानत दाखिला गरी पन्ध्र दिन भित्र सम्झौता गर्ने आउनुपर्नेमा नआएमा दफा ५ बमोजिम निजको वोलपत्र जमानत जफत गरी लगतै पछिको न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही वोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले क्रमागत योजना अन्तर्गत सानो खैरहनी देखी सरस्वती मा.वि सम्म सडक कालोपत्रे गर्नका लागि रु.१३४८६६७५।६९(मु.अ.क) समेत को लागत अनुमान तयार गरि २०८०।१।३१ मा बोलपत्रको सुचना प्रकाशन गरेको पाईयो ।सुचना बमोजिम पर्न आएका ९ बोलपत्र मध्ये सबै भन्दा कम कबोल गर्ने निर्माण व्यवसायी मष्ट देव निर्माण सेवा कोहलपुर ०८ को कबोल अंक रु.७७९७७९७।७५को बोलपत्र स्वीकृत गरको पाईयो ।पालिकाले २०८०।३।१२ मा १५ दिनको म्याद दिई उक्त निर्माण व्यवसायीलाई सम्झौता गर्न आउनको लागि पत्र बुझाएकोमा तोकिएको म्याद भित्र सम्झौता गर्न आएको देखिएन। तोकिएको म्याद भित्र सम्झौता गर्न नआएकोले उक्त मष्ट देव निर्माण सेवाको जमानत रकम रु.३५००००।- जफत गर्ने र कालो सुचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने निर्णय भएको भएता पनि उक्त जमानत रकम जफत नगरी निर्णय बमोजिम कालो सूचीमा समेत राख्न पत्राचार नगरेकोले पालिकाले कानूनी जिम्मेवारी पूरा नगरेको देखिन्छ। तसर्थ पालिकाले निर्णय बमोजिम कालो सूचिमा राख्न पत्राचार गरी उक्त जमानत रकम रु. ३५०००० जफत गरी पालिकाको सञ्चित कोष खातामा जम्मा गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,५०,०००

६१ **ठेक्काको म्याद थपः**

सार्वजनिक खरिद ऐन २०६३, को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । सो अनुसार खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्नुपर्नेमा ऐनको उक्त व्यवस्था विपरित समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु भए पनि ती व्यवस्थाको पालना गरेको छैन । सार्वजनिक खरिद नियमावली २०६४ को सातौ देखि १३ औं संसोधन गरी सम्झौता वाहेकका

कारणहरु देखाइ एकमुष्ठ रुपले पटक पटक म्याद थप गरेको छ। पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः धेरै पटक म्याद थप पनि गर्ने गरेको छ। तपसिलका ठेक्काहरुको सम्झौता विपरीत पटक पटक म्याद थप गरेकोलेको ठेक्का सम्पन्न नभई ठेक्काहरुको म्याद बढ्दै जाँदा ठेक्काहरुको काम अधुरो रहेको छ। कार्यतालिका र सम्झौताअनुसार कार्य नगर्ने निर्माण व्यवसायि तथा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

सिनं	ठेक्का नं	काम	निर्माण ब्यावसायी	ठेक्का अंक	भुक्तानी	सूरु सम्पन्न मिति	पटक	थप अवधि
१	७७/७८-२६	१५ शैयाको अस्पताल निर्माण	अवाले/ ए.डी जे भी	१०३९८७६५०।३८	८८१७८५४०	२०८०।२।३०	२	२०८१।१०।३०
२	७८/७९-५	सित भण्डार निर्माण	ग्रो अप कन्सट्रक्सन एण्ड विल्डर्स प्रा.ल	११५९०६३७।-	८१४७८९९	२०७९।३।२०	३	२०८१।७।३०

६२ **कचनापुर पक्कि बाटो निर्माणः**

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ।पालिकाले यस बर्ष संघिय समपुरक वजेट अन्तर्गतको उल्लेखित योजना कार्यान्वयनमा ल्याएकोमा संघिय र पालिकाबाट समान रुपमा खर्च गर्नुपर्नेमा सो अनुसारको खर्च गरेको छैन। पालीकाले लागत अनुमान रु.४९८९१७३।९०(मु.अ.क समेत) को तयार गरि २०८०।७।३मा बोलपत्र आह्वान गरेको पाईयो ।सुचना अनुसार ५ वटा बोलपत्र परेकोमा सबै भन्दा कम कबोल गर्ने श्री विल्डर्स प्रा.ली संग रु.३१४४६५५।–को सम्झौता भएकोमा दोस्रो अर्थात अन्तिम रनिङ्ग विल सम्म कूल रु.१३४५५०३५।-को कार्य भई भुक्तानी भएको छ ।संघिय समपुरकबाट रु.६७२७५१७।५ खर्च गर्नुपर्नेमा रु.२७२४८२।५ बढी खर्च गरेको पाईयो । संघिय संचित कोषमा फिर्ता पठाउनुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	२,७२,४८२.५

६३ **वर्षान्तको पेश्कीः**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

६४ **पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्छयौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाको सुत्र प्रणालीको अनुसुची २०७० (१२) को विवरण अनुसार निम्नअनुसारको गत वर्षको म्याद नाघेको पेश्की रु. १,२६,१८१ र म्याद ननाघेको रु. ७,४०,००० गरी जम्मा रु. ८६६१८१ तथा चालु आ.व को म्याद नाघेको पेश्की रु. ५६०,००० गरी जम्मा पेश्की वाकी रु. १४,२६,१८१ रहेको छ । पालिकाले उक्त पेश्की कानून वमोजिम फछर्योट गर्नुपर्दछ । चालु आर्थिक वर्षको म्याद नाघेको पेश्की रु.

क्रम	पेश्की लिने	कार्यक्रम/ योजना	गत आ व को		चालु आ व को		जम्मा रु
			म्याद ननाघेको रु	म्याद नाघेको पेश्की रु	म्याद ननाघेको	म्याद नाघेको	
१	रुपेश कुमार श्रेष्ठ	पानी तथा विधुत				४००००	४००००
२	राममणी वस्नेत	कार्यक्रम खर्च		७४००००			७४००००
३	गंगा कुमारी वली	कर सक्षारता तथा राजश्व सिभिर संचालन कार्यक्रम				७००००	७००००
४	विनोद आयल ट्रेडर्स	इन्धन	१२६१८१				१२६१८१
५	हातेमालो संचार समुह	स्थानिय तहको रोजगार रणनीति तर्जुमा				५००००	५००००
६	फियान नेपाल	खाद्य सुरक्षा रणनीति				४०००००	४०००००
जम्मा			१२६१८१	७४००००	०	५६००००	१४२६१८१

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	५,६०,०००

६५ **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**

६५.१ स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्तमा एक पटक मात्र गरेको छ । तसर्थ कानुनमा तोकिए

बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम भएको सैदान्तिक तथा लगती वेरुजु समयमानै फछ्यौट गर्नुपर्दछ । आन्तरिक लेखापरीक्षण गर्दा औल्याएका असु ल तथा लगती कायम गरिएका व्यहोरा वुदागत रुपमा उल्लेख गरिएको छ । उक्त वेरुजु फछ्यौट गरी प्रमाण पेश गर्नुपर्दछ ।

६५.२ असुल गर्नुपर्नेः

गो भौ नं	बेरुजुको विषय	सम्बन्धित पक्ष	रकम
८४	इन्धन वापत विल भन्दा वढी भुक्तानी दिएको	खिम व राना	११४६
१८४।०८०।७।२	भ्रमण खर्च वापत वढी भुक्तानी	तिलक थापा	२४००
१५१	मुल्यांकन भन्दा वढी भुक्तानी	नेपाल राष्ट्रिय मा वि धानपुर	१३१२४
जम्मा			१६६७०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६८,४२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१६,४१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,०१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१६,६७०

६५.३ नियमित गर्नुपर्नेः

गोश्वरा भौचर	बेरुजुको विषय	सम्बन्धित पक्ष	रकम
४५, २२९,२४५	दर भन्दा वढी भुक्तानी	खड्क खत्री	२२२३

प्रमाण पेश नगरेको	२,२२३

६५.४ प्रमाण पेश हुनुपर्नेः

आ ले प दफा नं.	बेरुजुको विषय	सम्बन्धित पक्ष	रकम
११२१	पत्रिका छपाई सुचना प्रकासनको प्रमाण पेश नभएको	पालिका	१४७०९०
३०	विद्यार्थी खाजा खर्च प्रमाण पेश गर्नुपर्ने	लक्ष्मी मा वि	४००,०००
२१३	सिकलेस सम्वन्धी सचेतना कार्यक्रम वापत प्रतिवेदन पेश गर्नुपर्ने	पालिका	४,५१,९२०
३।०२४।७।११ को ले नि का तर्फ	दिर्घरोगी उपचार सहायता वितरणको भर्पाई पेश गर्नुपर्ने	सम्वन्धित	२१९००००

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,१९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१०,०१,२३३

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	१२९६।०८१।३।२८ आर्थीक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) बमोजिम खर्च रकम पुष्टि हुने प्रमाण संलग्न गरी खर्च गर्नुपर्नेमा रु.२१८५०००।० मध्ये रु४०५०००।० को प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याएकोले उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने रु.	४,०५,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : राप्तीसोनारी गाउँपालिका, बाँके , राप्तीसोनारी गाउँपालिका , बाँके

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Hari bahadur Khatri	२०७९-४-१५	हाल सम्म कार्यरत
लेखा प्रमुख	गौरब कुमार लामिछाने	२०७६-१२-२८	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,५३७,०३२	३३,४६८,५८४	११,६५६,२७३.५	०	०	९२०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					४८,५८१,८८९.५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					९,८३४,५४१
संपरीक्षणबाट थप भएको बेरुजू रु.					४०५,०००
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३९,१५२,३४८.५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५५५१९४४९.७९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४६४७३०१३२	चालु खर्च	५२८६८००६८.२१
प्रदेश सरकारबाट अनुदान	२५३५९३२९	पूँजीगत खर्च	१३८५५५०६९
राजश्व बाँडफाँट	१९१४३४१८४.७४	वित्तीय/अन्य व्यवस्था	२४१९९०७१८.५५
आन्तरिक आय	५५३१४७५७.३३		
अन्य आय	२६४८१३६४६.७		
कुल आय	१००१६५२०४९.७७	कुल खर्च	९०९२२५८५५.७६
बाँकी मौज्दात		१४७९४५६४३.८	

बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.सं.	पद	तह	सेवा, समूह, उपसमूह	संघीय दरबन्दि	गा.पा. दरबन्दी	कार्यरत	स्थायी	करार
1	**प्र.प्र.अ.**			1	0	1	१	**0**
2	इन्जिनियर	७/८ औं		1	1	1	१	०
3	अधिकृत	७/८ औं	शिक्षा	1	0	1	१	०
4	अधिकृत	७/८ औं	लेखा	1	0	1	१	०
5	अधिकृत	६औं	प्रशासन	1	0	1	१	०
6	आ.ले.प.	५ औं	प्रशासन	1	0	1	१	०
7	सहायक	५ औं	प्रशासन	8	0	4	३	१
8	कम्प्यूटर अ.	५ औं	प्रशासन	1	0	1	१	०
9	लेखा सहायक	५ औं	लेखा	1	0	1	१	०
10	प्रा.स्	५ औं	शिक्षा	1	1	1	१	०
11	हे.अ.	५/६ औं	स्वास्थ्य	1	0	1	१	०
12	सव-ईन्जिनियर	५ औं	सिभिल	5	1	5	३	२
13	अ.स.ई	४ औं	सिभिल	6	1	10	५	५
14	सहायक	४ औं	प्रशासन	5		४	४	०
15	स.क.अ./स.ले.प.	2 औं	प्रशासन	0	0	3	०	३
16	सर्भेक्षक	५ औं		0	0	1	०	१
17	अमिन	४ औं		0	1	8	०	८
18	महिला विकास	४ /५औं		1	1	२	१	१
19	कृषि अधिकृत	७/८ औं	कृषि	1	0	0	०	०
20	कृषि सहायक	५ औं	कृषि	2	0	2	२	०
21	कृषि सहायक	४ औं	कृषि	1	0	५	1	४
22	पशु चिकित्सक	७/८ औं	कृषि पशु	1	0	1	१	०
23	पशु सेवा प्राविधिक	पाचौं	कृषि मत्स्य	3	0	3	३	०
24	प्राविधिक	चौथो	कृषि पशु	4	0	1०	१	९
25	कार्यालय सहयोगी/					४८	०	४८

	कार्यक्रम सहयोग/स्वीपर/ कुचिकार/फिल्ड सहयोगी /चौकीदार आदी							
26	सवारी चालक					७	०	७
२७	सामाजिक परिचालक					३	०	३
२७	सहायक कर्मचारी					११		११
			जम्मा	४७	६	१३७	३४	१०३

बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.सं.	विद्यालयको नाम	ठेगाना	स्वीकृतदरवन्दी		पदपूर्ती शिक्षक सङ्ख्या	दरवन्दी वाहिरका शिक्षक	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात	दरवन्दी वाहिरकाशिक्षकको वार्षिक तलव भत्ता रु
			दरबन्दी	राहत					
१	श्री भानु प्रा वि	राप्ती सोनारी-१ सिक्टा	२	०	२	०	१५		०
२	श्री नेपाल राष्ट्रिय प्रा वि	राप्ती सोनारी-१ गाभर	१	०	२	१	२२		२२६०००
३	श्री शिवशक्ति प्रा वि	राप्ती सोनारी-१ सौंरी	२	०	२	०	४४		०
४	श्री हरिसिद्ध प्रा वि	राप्ती सोनारी-१ भम्का	२	०	२	०	३३		०
५	श्री सती भवानी आ वि	राप्ती सोनारी-१ भवानियापुर	४	१	७	२	११५		२५२०००
६	श्री नेपाल राष्ट्रिय प्रा वि	राप्ती सोनारी-१ खोकरी	२	०	३	१	५०		१९५०००
७	श्री ज्ञानपुर्णोदय प्रा वि	राप्ती सोनारी-१ बाघखोर	१	२	३	०	५२		०
८	श्री जनज्योति प्रा वि	राप्ती सोनारी-१ चप्परगौडी	०	०	०	०	१३		०
९	श्री कुसुमेश्वर मा वि	राप्ती सोनारी-१ कुसुम	१४	२	१६	०	५१४		०
१०	श्री सिद्धेश्वर मा वि	राप्ती सोनारी-१ लौकी	१०	०	१३	३	१९०		१११२०००
११	श्री नेपाल राष्ट्रिय आ वि	राप्ती सोनारी-२ राजपुर	५	१	९	३	१६७		७५९०००
१२	श्री दुर्गा भवानी मा वि	राप्ती सोनारी-२ शम्सेरगंज	५	४	१५	६	२७३		१६१६०००
१३	श्री लक्ष्मी मा वि	राप्ती सोनारी-२ मदुई	२४	१	२८	३	६०२		६८८०००
१४	श्री नेपाल राष्ट्रिय आ वि	राप्ती सोनारी-२ टिकुलीपुर	५	२	१०	३	१७२		७५६०००
१५	श्री शहिद स्मारक आ वि	राप्ती सोनारी-२ खोरिया	४	१	१०	५	२५७		१२०८०००
१६	श्री नेपाल राष्ट्रिय आ वि	राप्ती सोनारी-२ महेन्द्रपुर	५	१	७	१	२२१		८०१०००
१७	श्री जय दुर्गा आ वि	राप्ती सोनारी-२ मदुवा	१	३	७	३	१०७		७५६०००
१८	श्री नेपाल राष्ट्रिय मा वि	राप्ती सोनारी-२ अगैया	८	१	१४	५	३७५		१३१५२००
१९	श्री गणेश आ वि	राप्ती सोनारी-३ खैरहनी	१	५	८	२	१०७		४४७०००

२०	श्री सरस्वती मा वि	राप्ती सोनारी-३ भवनियापुर	१२	५	१८	१	६८७		२५२०००
२१	श्री जनज्योति प्रा वि	राप्ती सोनारी-३ नारायणपुर	१	०	२	१	५७		२२६०००
२२	श्री जनजागृती आ वि	राप्ती सोनारी-३ नवलपुर	२	३	८	३	२३४		७३००००
२३	श्री नेपाल राष्ट्रियमा वि	राप्ती सोनारी-४कुम्भर	५	३	१०	२	२९३		२९००००
२४	श्री सुर्योदय प्रा वि	राप्ती सोनारी-४ गुरदीनगौरी	१	०	२	१	४८		१०७०००
२५	श्री जनशक्ति मा वि	राप्ती सोनारी-४ बैजापुर	६	७	१८	५	५४८		१२०६०००
२६	श्री नेपाल राष्ट्रिय आ वि	राप्ती सोनारी-४ सुर्यलालपुर	५	२	१२	५	२२५		११४१०००
२७	श्री जनभावना प्रा वि	राप्ती सोनारी-४ माहुँ	०	१	१	०	३१		११९०००
२८	श्री नेपाल राष्ट्रिय मा वि	राप्ती सोनारी-४ धामपुर	८	१	१४	५	३५४		१३०४०००
२९	श्री ज्ञानज्योति प्रा वि	राप्ती सोनारी-५ जबरपुर	२	०	५	३	६६		५५९०००
३०	श्री समय भवानी आ वि	राप्ती सोनारी-५ अलिनगर	४	३	९	२	१४०		६९३२६६
३१	श्री सिद्धेश्वर प्रा वि	राप्ती सोनारी-५ नयाँबस्ती	०	०	०	०	११		३४५०००
३२	श्री भुवर भवानी मा वि	राप्ती सोनारी-५ बिनौना	१२	३	१८	३	३७०		७३००००
३३	श्री बालक शान्ति प्रा वि	राप्ती सोनारी-५ चाचरफर्का	१	१	७	५	१८६		१०९९०००
३४	श्री नेपाल राष्ट्रिय मा वि	राप्ती सोनारी-५ चिलहरिया	९	२	१४	३	३२७		८८६०००
३५	श्री सरस्वती मा वि	राप्ती सोनारी-६ पनेरिया	३	८	१५	४	३२२		९६०६००
३६	श्री दिप ज्योति प्रा वि	राप्ती सोनारी-६ मोहनपुर	२	०	२	०	३५		०
३७	श्री नेपाल राष्ट्रिय मा वि	राप्ती सोनारी-६ गुलरी	७	४	१३	२	३८६		७४२५३३
३८	श्री सिद्धेश्वर मा वि	राप्ती सोनारी-६ सिधनवा	१५	४	२१	२	८४८		३९६०००
३९	श्री सुकमैया प्रा वि	राप्ती सोनारी-६ बिजयनगर	१	२	५	२	१९३		७९१०००
४०	श्री मदरसा कादरिया गुल्सने गाजी	राप्ती सोनारी-७ नयाँबस्ती	०	१	२	१	१४६		२२६०००
४१	श्री मदरसा मुस्ताकुलउलुम	राप्ती सोनारी-७पिप्रहवा	१	०	२	१	११७		२२६०००

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।